नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली विजक प्रयोग गरी राजस्व छलि गर्ने नेपाल दोङ्गहवा कन्स्ट्रक्सन इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. उपर राजस्व चुहावट गरेको अभियोगमा रु. १३,१३,११,६७७।- (तेह्र करोड तेह्र लाख एघार हजार छ सय सतहत्तर मात्र) विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद मागदावी लिई मिति २०७६/०७/१९ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

नेपाल दोङ्गहवा कन्स्ट्रक्सन इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.(स्थायी लेखा नं. ६०३४९३२७२) ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजश्व चुहावटको कसूरमा संलग्नता रहेको देखिएको ।प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क) र (ख) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. ४,२१,०८,८०२।-, आयकर तर्फ रु. ७,७७,७१,७९३।- र भएको आय लुकाई कानून बमोजिम मुनाफा वितरण गर्दा लाग्ने लाभांश कर तर्फ **रु** १,१४,३१,०८२।- समेत गरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. १३,१३,११,६७७।- (अक्षरेपी तेह्र करोड तेह्र लाख एघार हजार छ सय सतहत्तर मात्र)**) राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले राजस्व चुहावट गरेको कसुरमा प्रा.लि.को संचालक प्रतिवादीहरु **याङ लिन (YANG LIN), शे श्याङजुन (XIE XIANGJUN), वे देगुइ (WEI DEGUI)** र **सुविन श्रेष्ठ (SUBIN SHRESTHA)** लाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम रु. १३,१३,११,६७७।- असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०७।१९ गते मुद्दा दर्ता गरिएको ।